National News

ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 hrs Date: 20.05.2025

---

यो आकाशवाणी हो

प्रथममा यस बुनेटीनका प्रमुख समाचार-

- स्वस्थ्य विश्वको भविस्य समावेशी र एकीकृत दृष्टिकोण तथा परस्पर सहयोगमाथि निर्भररहेको प्रधानमन्त्रीको भनाई ।
- विदेश सचिव विक्रम मिसरीले अपरेशन सिन्दूर सन्दर्भमा आतंकवाद विरूध्द भारतको रणनीतिबारे अवगत गराउन कैयौं देशहरूमा पठाउने सांसदहरूको सर्वदलीय प्रतिनिधि मण्डललाई दिनुभयो जानकारी
- विदेश मन्त्री डा. एस जयशङ्करद्वारा आज हेगमा नीदरल्यान्डसका प्रधानमन्त्री डिक शूफसँग भेटघाट ।
- गृह मन्त्रालयद्वारा पद्म पुरस्कार दुई हजार छब्बीसका लागि नामाङ्कन आमन्त्रण अनि
- खेलो इण्डिया बीच गेम्स 2025 आजदेखि दीवमा आपम्भ ।

---

PM- WHO

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ- स्वस्थ विश्वको भविस्य समावेशी र एकीकृत दृष्टिकोण तथा परस्पर सहयोगमाथि निर्भर छ ।

ग्लोबल साउथका देशहरू विशेष रूपले स्वास्थ्य चुनौतीहरूबाट प्रभावित हुने कुरोको उल्लेख गर्दै उहाँले भन्नुभयो यसको सामना गर्नका लगि भारतको दृष्टिकोणले एक अनुकरणीय, मानक र ढिगो मोडल प्रदान गर्छ । प्रधानमन्त्री आज जिनेवामा आयोजित विश्व स्वस्थ्य सभाको अठाहत्तरौं सत्रलाई भर्चुअल माध्यमद्वारा सम्वोधन गर्दैहुनुहुन्थ्यो ।

श्री मोदीले भन्नुभयो सरकारले देशभरि स्वास्थ्य र आरोग्य केन्द्रहरूको एउटा विशाल नेटवर्क बनाएको छ । उहाँले भन्नुभयो विश्वको वृहत स्वास्थ्य सीमा योजना आयुस्मान भारत देशमा सञ्चालन गरिँदैछ र यसबाट अन्ठाउन्न करोड़ मानिसहरू लाभान्वित भइरहेछन् ।

उनीहरूको निशुल्क उपचार गरिँदैछ । देशका हजारौं स्वास्थ्य तथा आरोग्य केन्द्रहरूको ब्यापक नेटवर्कको उल्लेख गर्दै प्रधामन्त्रीले भन्नुभयो यी केन्द्रहरूमा क्यान्सर मधुमेह र उच्च रक्त चाप जस्ता रोगहरूको आरम्भिक जाँचको सुविधा प्राप्त भइरहेछ ।

---

## PM Tourism

यस अघि प्रधानमन्त्रीले आज देशमा पर्यटन क्षेत्रमा भइरहेको प्रगतिमाथि एउटा समीक्षा बैठक गर्नुभयो ।

बैठकमा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावत, पर्यटन राज्य मन्त्री सुरेश गोपी र वरिष्ठ अधिकारीहरू उपस्थित थिए ।

## PM Narlikar

पधानमन्त्री नरेन्द्र मोदीले अनुभवी खगोल वैज्ञानिक जयन्त नार्लिकरको निधनमा शोक ब्यक्त गर्नुभएको छ । आफ्नो सोशल मीडिया पोस्तमा श्री मोदीले श्री नार्लिकरको निधनलाई वैज्ञानिक समुदायका लागि ठूलो क्षति बताउनुभएको छ । उहाँले भन्नुभएको छ श्री नार्लिकर विशेष रूपले खगोल भोतिकीको क्षेत्रमा एक प्रकाश स्तम्भ हुनुहुन्थ्यो । उहाँका अग्रठी कार्य, विशेष रूपले महत्वपूर्ण सैध्यान्तिक ढाँचालाई आउँदो पीढीद्वारा सदैव मूल्यवान मानिनेछ ।

---

## MISRI Delegation

विदेश सचिव विक्रम मिसरीले अपरेशन सिन्दूर सन्दर्भमा आतंकवाद विरूध्द भारतको रणनीतिबारे विश्वलाई अवगत गराउनका लागि कैयौं देशहरूमा पठाइने सांसदहरूको सर्वदलीय प्रतिनिधिमण्डललाई आज नयाँ दिल्लीमा आवश्यक जानकारी दिनुभयो । सरकारले पाकिस्तान प्रायोजित आतंकवादको विरूध्दमा भारतको उड़ान स्वष्ट गर्नका लागि विभिन्न देशहरूमा सात सर्वदलीय प्रतिनिधिमण्डल पठाइरहेछ ।

उन्साठी सदस्यीय यी प्रतिनिधिमण्डलको नेतृत्व काँग्रेस सांसद शशि थरूर भाजपा सांसद रविशङ्कर प्रसाद,जनता दल युनाइटेडका सांसद सञ्जय कुमार झा, भाजपा सांसद बैजयन्त पांडा डीएमके नेता कनिमोझी करूणानिधि एन सी पी – एस पी शिन्देले गर्नुहुनेछ ।

यी प्रतिनिधिटोलीले भोलिदेखि पाँच जूनसम्म कुल बत्तीस देशहरूको भ्रमण गर्नेछत् जसमध्ये अमेरिका साउदी अरब बहरीन, कुवैत, अल्जीरिया, ब्रिटेन, फ्रान्स, जर्मनी, इटली, डेनमार्क, गयाना, ब्राजील, कोलबिया, दक्षिण कोरिया, जापान र सिंगापुर सामेल छन् ।

---

## Jaishankar Disk School

विदेश मन्त्री डा. एस जयशङ्करले आज हेगमा नीदरल्यान्डस्का प्रधानमन्त्री डिक शूफसित भेट गर्नुभयो। सोशल मीडिया पोस्टमा डा. जयशङ्करले भन्नुभएको छ- भेटघाटका बेला उहाँहरूले नीदरल्यान्डसका प्रधानमन्त्रीलाई, प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट हार्दिक शुभकामना दिनुभयो र आतंकवादको विरूध्दमा नीदरल्यान्डस दृढ अड़ानका लागि धन्यवाद दिनुभयो। भारत नीदरल्यान्डस साझेजारीलाई नयाँ ऊचाईमा पुऱ्याउनका लागि डिक शूफको प्रतिबध्दता प्रशंसा गर्दै श्री जयशङ्करले दुवै देशका दलहरूले यो लक्ष्य प्राप्त गर्ने दिशातर्फ कठोर परिश्रम गर्ने आश्वासन दिनुभएको छ।

नीदरल्याण्डसका प्रधानमन्त्री डिक शूफले बाइस अप्रेलमा पहलगाममा भएको कायरतापूर्ण आतंकी हमलाको कड़ा निन्दा गर्नुभएको थियो र आतंकवादका सबै रूप र अभिव्यक्तिहरूलाई खारिज गर्नुभएको थियो।

विदेश मन्त्री नीदरल्यान्डस्, डेनमार्क र जर्मनीको छ दिवसीय यात्रामा हुनुहुन्छ।

---

## Union Agriculture Minister

केन्द्रीय कृषि तथा कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले आज राष्ट्रव्यापी विकसित कृषि संकल्प अभियानमा सामेल हुनका लागि कुलपतिहरू, प्रोफेसरहरू र विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो। यो अभियान उन्तीस मईदेखि शुरू हुनेछ। नयाँ दिल्लीमा कृषि विशअवविद्यालयहरूका कुलपतिहरू र भारतिय कृषि अनुसन्धान परिषदका निदेशकहरूको सम्मेलनलाई सम्वोधन गर्दै श्री चौहानले भन्नुभयो सरकारको मुख्य ध्यान विज्ञान आधारित कृषि रूपान्तन्तरणको प्रवर्ध्दन गर्नु रहेको छ।

---

## CM Meets PM

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गर्नुभयो। भेटघाटका बेला उहाँले सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा आयोजन भइरहेका वर्षव्यापी समारोहमा उपस्थित रहनका लागि औपचारिक रूपमा आमन्त्रण गर्नुभयो। प्राप्त रिपोर्ट अनुसार प्रधानमन्त्रीले मुख्यमन्त्रीकै निमन्त्रणालाई स्वीकार गर्नुभएको छ क उन्तीस मईमा हिमाली राज्यको भ्रमणमा आउने इच्छा व्यक्त गर्नुभएको छ।

स्मरण रहोस् गत सोह्र मईका दिन राज्य स्थापनाको स्वर्ण जयन्ती भव्य रूपमा मनाइयो ।

---

## Padma Awards Nomination

गृह मन्त्रालयले पद्म पुरस्कार दुई हजार छब्बीसका लागि नामाङ्कन आमन्त्रित गरेको छ । नामाङ्कन एकतीस जुलाई सम्ममा राष्ट्रिय पुरस्कार पोर्टलको माध्यमद्वारा अनलाइन प्रस्तुत गर्न सकिन्छ मन्त्रालयले एउटा ब्यानमा भनेको छ- नामाङ्कनमा राष्ट्रिय पुरस्कार पोर्टलमा उपलब्ध प्रारूपमा निर्दिष्ट सबै प्रसंगिक विवरण सामेल हुनुपर्छ ।

पद्म पुरस्कार अर्थात पद्म विभूषण, पद्म भूषण र पद्मश्री देशका सर्वोच्च नागरिक पुरस्कार हुन् । उन्नाइस सय चौवन्न सालमा स्थापित यी पुरस्कारहरूको घोषणा प्रत्येक वर्ष गणतन्त्र दिवसमा गरिन्छ । यो पुरस्कार विभिन्न क्षेत्रहरूमा विशिष्ट कार्यलाई मान्यता दिँदै कला, साहित्य शिक्षा, खेल, चिकित्सा, सामाजिक कार्य, विज्ञान तथा इञ्जीनियरिंग, सार्वजनिक मामिला, सिविल सेवा, र ब्यापार तथा उद्योग जस्ता सबै विषयहरूमा विशिष्ट र असाधारण उपलब्धिहरूका लागि दिइन्छ ।

---

## President PM Srinivasan

परमाणु ऊर्जा आयोगका पूर्व अध्यक्ष डा. एम आर श्रीनिवासनको आज तामिलनाडुको ऊटीमा देहान्त भयो । पञ्चानब्बे वर्षिय वैज्ञानिक भारतको परमाणु कार्यक्रमका विशिष्ट व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई पद्मविभूषणद्वारा सम्मानित गरिएको थियो राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले देशका प्रसिध्द वैज्ञानिकको निधनमा शोक व्यक्त गर्नुभएको छ ।

एउटा सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभएको छ- देशको परमाणु ऊर्जा विकास कार्यक्रममा डाक्टर श्रीनिवासनको अहम योगदान रहेको छ । प्रधानमन्त्रीले आफ्नो शोक सन्देशमा भन्नुभएको छ डा. श्रीनिवासनले देशको ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि एक सुदृढ परमाणु अवसंरचना विकसित गर्नमा निर्णयक भूमिका निर्वाहण गर्नुभयो ।

---

## President PM Narlikar

राष्ट्रपति र प्रधानमन्त्रीले अनुभवी खगोल वैज्ञानिक जयन्त नार्लिकरको निधनमा पनि शोक ब्यक्त गर्नुभएको छ ।

---

## Khelo India Beach Games

खेलो इण्डिया बीच गेम्स 2025 आजदेखि दवीमा शुरू भएको छ।

यो प्रतियोगिता चौबिस मईमा समाप्त हुनेछ।

यसमा देशभरिका बाइस राज्य र केन्द्रशासित प्रदेशहरूका एक हजार भन्दा अधिक खेलाड़ीहरूले छ वटा पदकहरूका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा मलखन र टग अफ वार गरी दुईवटा प्रदर्शन स्पर्धा छन्।

खेलो इण्डिया विन्टर बीच गेम्स 2025 र हालै सम्पन्न यूथ गेम्सपछि यो खेलो इण्डिया प्रतियोगिताको तेस्रो आयोजन हो।

---

## IPL Cricket

आईपीएल क्रिकेटमा अहिले दिल्लीको अरूण जेटली स्टेडियममा चेन्नाई सुपर किंग्सको भीडन्त राजस्थान रोयल्ससित भइरहेछ। तथापि दुवै टीम प्ले अफको दौड़वाट पहिलेनै बाहिरिएका छन्।

---

## Retreat Celebration

सीमा सुरक्षा बल बीएसएफ ले घोषणा गरे अनुसार पञ्जाब सीमा लगायत सबै तीन सैन्य चौकीहरूमा रिट्रिट समारोह आजदेखि फेरि शुरू भएको छ।

यो समारोह आज मीडिया कर्मीहरूका लागि विशेष रूपले खुल्ला रहयो। आम मानिसहरूका लागि समारोह भोलिदेखि खुल्ला रहनेछ। आम मानिसहरूका लागि समारोह भोलिदेखि खुल्ला रहनेछ। अटारी, हुसैनीवरला र सादकीका रीट्रिट समारोहलाई यसै महीना आठ तारीक आम नागरिकहरूका लागि रद्द गरिएको थियो। पाकिस्तान र पाकिस्तान अधिकृत जम्मू काश्मीरमा आतंकी ढाँचालाई ध्वस्त गर्नका लागि भारतद्वारा चलाइएको अपरेशन सिन्दूरको एक दिनपछि रीट्रिट समारोहलाई रद्द गर्ने निर्णय लिइएको थियो।

सीमा सुरक्षा बलले भनेको छ दुवै देशहरूबीचको द्वार भारतीय हिस्सामा बन्द रहनेछन् । सूर्यास्तको समयमा झण्डा झुकाइएपछि भारतीय गार्ड कमान्डर र उनका सरकक्ष पाकिस्तानी रेन्जर्सबीच हात मिलाइनेछैन ।

---

अन्त्यमा प्रमुख समाचार फेरि एकपल्ट

- स्वस्थ्य विश्वको भविस्य समावेशी र एकीकृत दृष्टिकोण तथा परस्पर सहयोगमाथि निर्भररहेको प्रधानमन्त्रीको भनाई ।
- विदेश सचिव विक्रम मिसरीले अपरेशन सिन्दूर सन्दर्भमा आतंकवाद विरूध्द भारतको रणनीतिबारे अवगत गराउन कैयौं देशहरूमा पठाउने सांसदहरूको सर्वदलीय प्रतिनिधि मण्डललाई दिनुभयो जानकारी
- विदेश मन्त्री डा. एस जयशङ्करद्वारा आज हेगमा नीदरल्यान्डसका प्रधानमन्त्री डिक शूफसँग भेटघाट ।
- गृह मन्त्रालयद्वारा पद्म पुरस्कार दुई हजार छब्बीसका लागि नामाङ्कन आमन्त्रण अनि
- खेलो इण्डिया बीच गेम्स 2025 आजदेखि दीवमा आपम्भ ।

---